नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## सल्यान

(प्रशासन शाखा)

☎ प्र.जि.अ : ०८८-५२०१३३
स.प्र.जि.अ.: ०८८-५२००७१
कार्यालय : ०८८-५२०१३४
फ्याक्स :०८८-५२००७१

पत्र संख्या :- २०७८/०७९
चलानी नम्बर :

## सल्यान जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश ।

कोभिड-१९ को संक्रमण सल्यान जिल्लामा समेत विगत केही दिनयता बढीरहेकोले संक्रमणको रोकथाम तथा नियन्त्रण तथा उपचार सम्बन्धी कार्यलाई व्यवस्थित एवम् प्रभावकारी रुपले अघि बढाउन नेपाल सरकार (मा मन्त्रीस्तर) का निर्णयहरु, कोभिड-१९ संकट व्यवस्थापन समन्वय केन्द्रको सिफारिस तथा स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (३) बमोजिम सल्यान जिल्लाभर मिति २०७८/११/०१ गते राती १२:०० बजेदेखि अर्को सूचना जारी नभए सम्मका लागि देहाय बमोजिम हुने गरी आदेश जारी गरिएको छ ।

देहाय :

१. सबै प्रकारका आमसभा, जुलुस, सभा, भेला हुने क्रियाकलापहरु जनस्वास्थ्यका मापदण्ड पालना गरी सञ्चालन गर्न सकिने ।

२. गोष्ठी, सेमिनार, समीक्षा, बैठक जस्ता क्रियाकलापहरु भौतिक रुपमा उपस्थित भई गर्नुपर्ने भएमा जनस्वास्थ्यका मापदण्ड पालना गरी सञ्चालन गर्ने ।

३. सिनेमा हल, जिम खाना, हाटबजार र मानिसहरुको भिडभाड हुने अन्य सबै प्रकारका कार्यक्रम जनस्वास्थ्यका मापदण्ड पालना गरी सञ्चालन गर्ने ।

४. विद्यालय, क्याम्पस, कलेज, ट्यूशन सेन्टर, तालिम वा अन्य कुनै प्रकारका शैक्षिक क्रियाकलाप सञ्चालन गर्दा जनस्वास्थ्यका मापदण्ड पालना गरी सञ्चालन गर्न सकिने ।

५. विद्यालय, क्याम्पसका पूर्व निर्धारित परीक्षा जनस्वास्थ्यका मापदण्ड पालना गरी सञ्चालन गर्ने ।

६. मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायतका धार्मिक स्थलमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी नित्य पूजा, ध्यान र प्रार्थना गर्न सकिने ।

विपीन आचार्य
प्रमुख जिल्ला अधिकारी

"व्यवसायिक र सिर्जशील प्रशासन: विकास, समृद्धि र सुशासन"

Email: salyandao@gmail.com

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
## सल्यान
(प्रशासन शाखा)

☎ प्र.जि.अ : ०८८-५२०१३३
स.प्र.जि.अ.: ०८८-५२००७१
कार्यालय : ०८८-५२०१३४
फ्याक्स :०८८-५२००७१

पत्र संख्या :- २०७८/०७९
चलानी नम्बर :

७. धार्मिक वा साँस्कृतिक जात्रा, पर्व, विवाह, न्वारान, पास्नी, ब्रतबन्ध, धार्मिक अनुष्ठान, मृत्यु संस्कार लगायतका अत्यावश्यक परम्परा धार्मिक तथा साँस्कृतिक क्रियाकलापहरु सञ्चालन गर्दा पचास जना भन्दा बढी नहुने र जनस्वास्थ्यका मापदण्डको पालना हुने गरी मात्र सञ्चालन गर्ने ।

८. सार्वजनिक यातायात सञ्चालन सम्बन्धमा देहाय बमोजिम गर्ने :
   क. सिट क्षमता भन्दा बढी यात्रु नराख्ने ।
   ख. सबै यात्रुलाई मास्क अनिवार्य गर्ने ।
   ग. सवारी साधनको ढोकामा र सवारी साधनभित्र सेनिजाइजरको व्यवस्था गर्नु पर्ने ।
   घ. चालक तथा सह चालकले मास्क र फेस-सिल्ड लगाउनु पर्ने ।
   ङ. सवारी साधनलाई दैनिक रुपमा निसङ्क्रमित गर्नु पर्ने ।
   च. सार्वजनिक यातायातमा कुनै यात्रुले मास्क नलगाई आएमा चालक वा सह चालकले बढीमा पाँच रुपैया लिई मास्क उपलब्ध गराउनु पर्ने ।
   छ. मास्क नलगाउने व्यक्तिलाई सवारी साधनमा प्रवेश गर्न नदिने ।
   ज. लामो दुरीमा चल्ने सार्वजनिक यातायातका यात्रुहरुलाई सम्भव भएसम्म एन्टिजेन परिक्षण गर्ने व्यवस्था मिलाउने ।

९. कार्यालय र पसल जस्ता सार्वजनिक स्थलमा सेनिटाइजर र मास्कको प्रयोग अनिवार्य गर्ने । कुनै व्यक्तिले मास्क नलगाई आएमा व्यवस्थापकले बढीमा पाँच रुपैया लिई मास्क उपलब्ध गराउने, मास्क नलगाउने व्यक्तिलाई कार्यालय तथा पसलमा प्रवेश गर्न नदिने ।

१०. होटेल तथा रेष्टुरेन्टले देहाय बमोजिमका मापदण्ड पालना गरी सेवा दिने :

   क. होटेल तथा रेष्टुरेन्टका कामदारहरुले अनिवार्य रुपमा मास्क, फेस-सिल्ड र पञ्जा लगाउने ।
   ख. होटेल तथा रेष्टुरेन्टमा प्रवेश गर्ने सबै सेवाग्राहीलाई मास्क अनिवार्य गर्ने ।
   ग. कुल क्षमताको आधा भन्दा बढी नहुने गरी कम्तीमा दुई मिटरको भौतिक दूरी कायम गर्नु पर्ने ।
   घ. सेनिजाइजरको व्यवस्था गर्नुपर्ने ।
   ङ. होटेल तथा रेष्टुरेन्टलाई नियमित रुपमा निसङ्क्रमित गर्नु पर्ने ।
   च. होटेल तथा रेष्टुरेन्टमा कुनै सेवाग्राही मास्क नलगाई आएमा व्यवस्थापकले बढीमा पाँच रुपैया लिई मास्क उपलब्ध गराउनु पर्ने र मास्क नलगाउने व्यक्तिलाई होटेल तथा रेष्टुरेन्ट प्रवेश गर्न नदिने ।



विपीन आचार्य
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## सल्यान

(प्रशासन शाखा)

☎ प्र.जि.अ : ०८८-५२०१३३
स.प्र.जि.अ.: ०८८-५२००७१
कार्यालय : ०८८-५२०१३४
फ्याक्स :०८८-५२००७१

पत्र संख्या :- २०७८/०७९
चलानी नम्बर :

छ. होटेलले चेक-इन गर्दाको अवस्थामा वा चेक-इन गरेको २४ घण्टा भित्र आफ्नो होटेलमा बास बस्ने प्रत्येक ग्राहकको एन्टिजेन परीक्षण गर्ने, त्यस पछि प्रत्येक ७२ घण्टामा एन्टिजेन परीक्षण गर्ने र सोको विवरण (DCCMC) लाई गराउने ।

११.जुनसुकै सेवा क्षेत्रमा कार्यरत व्यक्तिमा कोभिड-१९ को चिन्ह वा लक्षण देखिएमा अनिवार्य रुपमा पाँच दिन क्वारेन्टिनमा बस्ने र ५ दिन पछि कोभिड-१९ परीक्षण गरी रिपोर्ट नेगेटिभ आएमा मात्र काममा आउने ।

१२. कोभिड-१९ को रोकथाम, नियन्त्रण, उपचार र निगरानीका लागि आम नागरिकहरुले देहाय बमोजिम गर्ने :

क. जनस्वास्थ्यका मापदण्ड पूर्णरुपमा पालना गर्ने ।

ख. घर बाहिर निस्किँदा अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने, प्रयोग गरिएका विसर्जन गर्नु पर्ने मास्क बन्द डस्टबिन वा प्लास्टिक झोलामा बन्द गरी सुरक्षित साथ राखी पाँच दिन पछि मात्र विसर्जन गर्ने ।

ग. घर तथा सार्वजनिक स्थानमा जथाभावी नथुक्ने र प्रयोग गरेको मास्क नफाल्ने ।

घ. विदेशबाट नेपाल आउँदा वा निकट सम्पर्कमा रही कन्ट्याक्ट ट्रेसिङमा परेमा परीक्षणबाट नतिजा नेगेटिभ भएतापनि कम्तीमा पाँच दिन होम क्वारेन्टिनमा अनिवार्य बस्नु पर्ने ।

ङ पी.सी.आर. परीक्षणका लागि प्रयोगशालामा स्वाब दिएपछि नतिजा नआएसम्म बाहिर हिंडडुल, भेटघाट र बैठक नगर्ने ।

च. स्थानीय तहमा क्वारेन्टिन र आइसोलेसनमा बसेका व्यक्तिलाई सक्दो सहयोग गर्ने ।

छ. अन्य व्यक्तिले जनस्वास्थ्यका मापदण्ड पालना नगरेमा स्थानीय तह, स्थानीय प्रशासन, स्वास्थ्य संस्था, टोल सुधार समिति, उपभोक्ता समिति वा सम्वद्ध अन्य निकाय वा संस्थालाई यथाशीघ्र जानकारी गराउने ।

ज. होम आइसोलेसनमा बसेका व्यक्ति स्वास्थ्यकर्मीको नियमित सम्पर्कमा रहने र स्वास्थ्य सम्वन्धी कुनै समस्या भएमा तुरुन्तै नजिकको अस्पतालमा जाने ।



विपीन आचार्य
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## सल्यान

(प्रशासन शाखा)

☎ प्र.जि.अ : ०८८-५२०१३३
स.प्र.जि.अ.: ०८८-५२००७१
कार्यालय : ०८८-५२०१३४
फ्याक्स :०८८-५२००७१

पत्र संख्या :- २०७८/०७९
चलानी नम्बर :

झ. नेपाल सरकारले तोकेबमोजिम कोभिड-१९ विरुद्धको खोप लगाउने ।

१३. यस आदेशको पालना गर्नु सबैको कर्तव्य हुनेछ । यस आदेशको अवज्ञा गर्ने वा आदेश कार्यान्वयनमा बाधा पुऱ्याउने व्यक्ति तथा संस्थालाई सङ्क्रामक रोग ऐन, २०२० र स्थानीय प्रशासन ऐन,२०२८ बमोजिम कारवाही र सजाय हुनेछ ।

मिति २०७८/११/०१

विपीन आचार्य
प्रमुख जिल्ला अधिकारी